फोन नं. (Tel. No.) ०१-४४५१२४२ (01-4451242)
०१-४४५०३५६ (01-4450356)
०१-४४५२००० (01-4452000)

# कागेश्वरी-मनोहरा नगरपालिका
# KAGESHWORI-MANOHARA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
डाँछी, काठमाडौं, नेपाल (Danchhi, Kathmandu, Nepal)
बागमती प्रदेश (Bagmati Province)

पत्र संख्या: २०७७/७८

## प्रेस विज्ञप्ती

आज मिति २०७७/०६/२१ गते बुधबार कागेश्वरी मनोहरा नगरपालिकाका नगर प्रमुख श्री कृष्णहरि थापा ज्यूको उपस्थितिमा यस नगरपालिका कार्यक्षेत्र रहेको नेपाल विधुत प्राधिकरण, माकलबारी शाखाका प्रमुख श्री अमृत बाबु अधिकारी र नगर उप-प्रमुख, वडा अध्यक्षहरु समेतको बैठक बसी निम्न विषयहरुमा छलफल भएको हुँदा जानकारीका लागि यो प्रेस विज्ञप्ती जारि गरिएको छ ।

१. नेपाल विधुत प्राधिकरणको विधुतीय संरचना स्थान्तरण सम्बन्धी कार्यविधि २०७६ उपभोक्ता र स्थानीय सरकारको अनुकुल नभएको हुँदा सो कार्यविधि संसोधनका लागि सम्बन्धित निकायलाई आग्रह गर्ने ।
२. विधुतीय संरचना स्थान्तरण गर्दा लाग्ने खर्च ७०% आवेदक/स्थानीय सरकारले व्यहोर्नु पर्ने व्यबस्था रहेको हुँदा स्थानीय सरकारबाट हाल नगरपालिका भित्रका सडक बिस्तारमा साविकमा वितरित विधुत लाईनका पोलहरुले अवरोध पुर्याउदा सो अवरोध हटाउदा उक्त शुल्क लिंदा योजनाको खर्च रकम बढ्ने भई स्थानीय सरकारलाई थप बजेट जुटाउन समस्य पर्ने भएकोले सो रकम नेपाल विधुत प्राधिकरण आफैले व्यहोर्ने व्यवस्थाका लागि सम्बन्धित निकायलाई आग्रह गर्ने ।
३. नगर भित्र बस्ती विस्तार संगै नयाँ प्रशारण लाइनको विस्तार, पुराना पोल नाङ्गो तार हटाई इन्सुलेटेड तार राखें, क्षमता वृद्धिका लागि पुराना ट्रान्सफर्मर हटाई जनघनत्वको विधुत खपतको चाप अनुसार नयाँ ट्रान्सफर्मर राख्ने ।
४. हरेक महिना मिटर रिडीन्गको काम समयमै सम्पन्न गरि आम उपभोक्तालाई जरिवानाबाट जोगाउन सम्बन्धित निकायले आवश्यक व्यबस्था मिलाउने ।
५. नगरपालिकाले जडान गरेका सडक बत्तीहरुको मासिक शुल्क मिनाहा गर्ने ब्यबस्था मिलाउन सम्बन्धित निकायलाई आग्रह गर्ने ।

मिति : २०७७/०६/२१

राजाराम पुडासैनी
नगर प्रवक्ता